प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
पोखरा

☎ ०६१-५५०४६२
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या - ०७७।७८
चलानी नम्बर - ९८२

मिति - २०७७।१२।१९

*विषयः-* सूचना टाँस गरी दिने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई सबै,
श्री स्थानिय तह सबै,
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा यस निर्देशनालयको अपाङ्ग छात्रबृत्तिका लागि दरखास्त आव्हान सम्बन्धीको यसै पत्रसाथ संलग्न सूचना थान-०१ ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी दिनु हुन अनुरोध छ ।

२०७७।१२।१९

(तिलक प्रसाद सिलवाल)
नि. निर्देशक
नि. निर्देशक

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
पोखरा
गण्डकी प्रदेश, नेपाल
०६१-५५०४६२

पत्र संख्या - ०७७।७८
चलानी नम्बर -

मिति - २०७७।१२।१९

*विषयः-* अपाङ्ग छात्रबृत्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना ।

यस निर्देशनालयको आ.व. ०७७।७८ को अपाङ्ग छात्रवृत्ति कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश अन्तर्गत आङ्गिक तथा सामुदायिक क्याम्पसहरुमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरुका लागि छात्रवृत्ति रकम प्रदान गर्ने कार्यक्रम भएकोले विद्यार्थी स्वयंले निर्धारित ढाँचाको निवेदनका साथ देहाय बमोजिमका कागजातहरु सम्लग्न गरी यो सूचना प्रकासित भएको मितिले ३० दिन भित्र (मिति २०७८।०१।१७ गते भित्र) यस निर्देशनालयमा पेश गर्नहुन सम्बन्धित सबै विद्यार्थीको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. निवेदन (निर्धारित ढाँचाको)-१
२. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि (**S.L.C./SEE** देखिको)
३. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि-१
४. श्रेणी खुलेको अपाङ्ग परिचय-पत्रको प्रतिलिपि-१
५. सम्बन्धित क्याम्पसको अध्ययनरत भएको सिफारीस-पत्र-१
६. सम्बन्धित स्थानीय तहको आर्थिक अवस्था खुलेको सिफारीस-पत्र-१
७. निवेदकको बैंक खाता नम्बर खुलेको चेकको सक्कल पाना वा फोटो कपी-१

७७।१२।१९

(तिलक प्रसाद सिलवाल)

नि. निर्देशक

नि. निर्देशक

मितिः- २०७   ।   ।

**श्रीमान् निर्देशक ज्यू,**
**शिक्षा विकास निर्देशनालय,**
**गण्डकी प्रदेश, पोखरा ।**

विषयः- **अपाङ्ग छात्रवृत्ति कोटामा छनौट गरी पाउँ ।**

महोदय,

प्रस्तुत बिषयमा म                नामको          पालिका    नं. वडा          टोलमा स्थायी ठेगाना भएको विद्यार्थी               क्याम्पसमा         तह को          वर्षमा नियमित रुपमा अध्ययनरत छु । मेरो घरायसी आर्थिक अवस्था कमजोर भएकोले उक्त छात्रवृत्ति कोटामा छनोट गरी मलाई पढ्ने अवसर प्रदान गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**<u>सम्लग्न काजगातहरुः</u>**

१. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपिहरु (**SLC/SEE** देखिको)
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि-१
३. श्रेणी खुलेको अपाङ्ग परिचय-पत्रको प्रतिलिपि-१
४. सम्बन्धित क्याम्पसको अध्ययनरत भएको सिफारिस-पत्र-१
५. सम्बन्धित स्थानीय तहको आर्थिक अवस्था खुलेको सिफारिस-पत्र-१
६. बैंक खाता नम्वर खुलेको चेकको सक्कल पाना वा फोटोकपी-१
७. मोवाइल नं. (सम्बन्धित विद्यार्थिको)

**<u>निवेदकः</u>**

नामः

सहिः

मितिः